(संवत् २०८० साल जेठ मसान्तसम्म भएका संशोधन मिलाइएको)

# प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६३।१०।१५

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "कोष" भन्नाले नियम ३ बमोजिम खडा भएको प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालन समिति सम्झनु पर्छ ।

(ग) "दैवी प्रकोप" भन्नाले बाढी, पहिरो, आगलागी, भू–कम्प, आँधीबेरी, अतिवृष्टी, अनावृष्टी, पशुपंक्षी तथा अन्य जीवबाट सरुवा भई आउने रोग वा सरुवा रोगको महामारी, प्राकृतिक कारणले हुने सडक दुर्घटना जस्ता दैवी प्रकोप सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना समेतलाई जनाउनेछ ।

३. **<u>कोषको स्थापनाः</u>** (१) प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष नाम गरिएको एक कोष खडा गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः–

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्य, सम्वैधानिक पदाधिकारी, सांसद, निजामती, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरु, राजनैतिक दल, ट्रेड युनियन, गैर सरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(ग) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम,

(घ) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ङ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (१) बमोजिमको कोष आबर्ती कोष (रिभल्भिङ् फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. **कोषको प्रयोगः** कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः–

(क) दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पतिको संरक्षण गर्ने,

(ख) दैवी प्रकोपबाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,

(ग) दैवी प्रकोपबाट पीडित व्यक्तिको भरणपोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, औषधि, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद गर्ने,

(घ) दैवी प्रकोपको कारणबाट घाइते वा विरामी भएको व्यक्तिको औषधि उपचार गर्ने,

(ङ) दैवी प्रकोपको कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सदगतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने,

(च) दैवी प्रकोपको कारणबाट भएको फोहोरमैला तथा प्रदुषणको विसर्जन (डिस्पोजल) गर्ने,

(छ) दैवी प्रकोपबाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनस्र्थापना गर्ने,

(ज) दैवी प्रकोपबाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने,

(झ) दैवी प्रकोप रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्व तयारी (प्रिपेयर्डनेश) गर्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

५. **कोषको रकम प्रयोग हुन नसक्ने:** नियम ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः–

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलव, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) दैवी प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

६. **कोष सञ्चालन समितिः** (१) कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछः–

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग –संयोजक

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) सचिव, गृह मन्त्रालय –सदस्य

(ग) सचिव, स्थानीय विकास मन्त्रालय–सदस्य

(घ) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय –सदस्य

(ङ) सचिव, जलश्रोत मन्त्रालय –सदस्य

(च) सचिव, कृषि तथा सहकारी मन्त्रालय –सदस्य

(छ) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय –सदस्य

(ज) सचिव (समन्वय), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय –सदस्य–सचिव

(२) समितिको बैठक जुनसुकै वखत समितिको संयोजकले तोकेको ठाउँ, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै कर्मचारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **<u>कोषको व्यवस्थापन तथा सञ्चालनः</u>** (१) कोषको रकम समितिबाट नेपाल राष्ट्र बैङ्क वा नेपालभित्रका अन्य कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको खाता समितिको सदस्य–सचिव र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रमुख लेखा अधिकृत वा लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

८. **<u>अधिकार प्रत्यायोजनः</u>** समितिले आवश्यकता अनुसार आफूमा रहेको केही वा सबै अधिकार केन्द्रीय दैवी प्रकोप उद्धार समिति वा जिल्ला दैवी प्रकोप उद्धार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. **<u>लेखा तथा लेखापरीक्षणः</u>** (१) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१०. **<u>कोषको रकम वितरण गर्ने कार्यविधिः</u>** (१) कोषको रकम नियम ४ बमोजिमको प्रयोजनका लागि खर्च गर्ने गरी जिल्लास्तरीय दैवी प्रकोप समिति वा अन्य कुनै निकायलाई उपलब्ध गराइनेछ ।

(२) उपनियम (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा दैवी प्रकोपको सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहराए बमोजिम रकम उपलब्ध गराइनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम रकम उपलब्ध गराउँदा समितिले केन्द्रीय दैवी प्रकोप उद्धार समिति तथा जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिस समेतलाई आधार बनाउने छ ।

११. **<u>नेपाल सरकारले निर्देशन दिन सक्नेः</u>** नेपाल सरकारले यस नियमावली बमोजिम रकम उपलब्ध गराउने

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय